नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार विभाग

फोन नं. ४-७८२६७१, ४-७८२६१६, ४-७८२६५८, ४-७८२७१०, ४-७८२४५४, ४-७८२६२१, ४-७८२६४८
फ्याक्सः ०१-४७८२६८६
पोष्ट बक्स नं. ६५१५
काठमाडौं

पत्र संख्या:-
चलानी :-

मिति: २०८०/०३/३१

## प्रेस विज्ञप्ती

मिति २०८०।०३।२४ गते देखि बैदेशिक रोजगार विभागबाट श्रम स्वीकृती लिई कामको लागि कुवेत/जोर्डन जान लागेका श्रमिकहरुलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल,अध्यागमन कार्यालयले श्रमिकहरुले पेश गरेका कागजातहरु शंकास्पद भनी प्रस्थान अनुमति नदिएको सम्बन्धमा बैदेशिक रोगजार विभागको गम्भीर ध्यानाकर्षण भएको छ ।साथै यस विभागबाट एकै प्रकृतिका कागजातको आधारमा एउटै लटमा श्रम स्वीकृती लिई प्रस्थानको लागि एयरपोर्ट पुगेका व्यक्तिहरु मध्ये कसैलाई प्रस्थानको लागि अनुमति दिएको कसैलाई नदिएको तथ्य देखिएको छ ।वर्तमान अवस्थामा बैदेशिक रोजगारमा गएका श्रमिकहरुले पठाएको विप्रेषणबाट देशको अर्थतन्त्र चलायमान रहेको सन्दर्भमा लामो प्रक्रिया पुरा गरी बैदेशिक रोजगारीका लागि विमानस्थल पुगेका श्रमिकहरुलाई आधार विना विमानस्थलबाट फर्काउने कार्यलाई गम्भीर रुपमा लिएको तथा उक्त घटनाबाट बैदेशिक रोजगारमा जान लागेका श्रमिकहरुलाई पुगेको दुःख र क्षतिप्रति विभाग क्षमायाचना गर्दै सो सन्दर्भमा विभागको धारणा देहाय बमोजिम रहेको व्यहोरा सम्बद्ध सबैमा जानकारीको लागि अनुरोध छ ।

१. बैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिम ईजाजत पत्र प्राप्त गरेका संस्थाहरुले ऐनको दफा १५,१६,१७,१८,१९ को प्रक्रिया पुरा गरी बैदेशिक रोजगारीमा पठाउन सक्ने व्यवस्था रहेको छ ।सोही प्रावधान बमोजिम संस्थागत श्रम स्वीकृति लिई श्रमिकहरुलाई गलत स्थान वा गलत कागजातका आधारमा बैदेशिक रोजगारमा पठाएमा बैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४, ४५, ४६, ४७ बमोजिम क्षतिपुर्ति जरिवाना तथा कैद सजाय समेत व्यवस्था रहेको तथा सो बमोजिमको कारवाहीको व्यवस्था विद्यमान रहँदा रहदै अध्यागमन कार्यालयबाट फिर्ता पठाउनु मनासिव नरहेको ।
२. नेपाल बैदेशिक रोजगार व्यवसायी संघको मिति २०८० असार ३१ गतेको यस विभागमा श्रम स्वीकृति लिई कुवेत र जोर्डन जान लागेका १५६ जना कामदारलाई विना कारण प्रस्थान रोक लगाएको विषयमा छानविन गरी दोषीलाई कारवाही र कामदारलाई विदेश पठाउने विषयमा ध्यानाकर्षण पत्र र अध्यागमन विभागबाट २०८०।०३।३१ मा जारी भएको प्रेस विज्ञप्ति सन्दर्भमा समेत यस विभागको ध्यानाकर्षण भएको छ । सो विज्ञप्तिमा उल्लेख भएको अंग्रेजी बाहेक अन्यमा भाषामा भएका भिषा अनिवार्य रुपमा अंग्रेजी भाषामा अनुवाद गरी नोटरी समेत पेश गर्नुपर्ने सन्दर्भमा विभागको अनुवादकबाट अनुवाद भई विभागबाट श्रम स्वीकृति हुने व्यहोरा जानकारी गराइन्छ ।
३. भिषामा उल्लेख भएको रोजगारदाताको नाम, श्रम स्वीकृति/सम्झौता पत्रमा उल्लेख भएको रोजगारदाताको नाम र पेशा एउटै हुनु पर्ने उल्लेख भएकोमा सोही बमोजिम एउटै हुने गरेको, यदि

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग

फोन नं. ४-७८२६७१, ४-७८२६१६, ४-७८२६५८, ४-७८२७१०, ४-७८२४५४, ४-७८२६२१, ४-७८२६४८
फ्याक्सः ०१-४७८२६८६
पोष्ट बक्स नं. ६५१५
काठमाडौं

पत्र संख्याः-
चलानी :-

मितिः................................

त्यस प्रकारको फरक परेको सम्बन्धमा नेपाल राजपत्र भाग ५ खण्ड ६३ मिति २०७० साल कार्तिक २५ गतेको राजपत्रमा प्रकाशित सूचना बमोजिम सो सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार यस विभागलाई मात्र रहेकोले अध्यागमन विभाग श्रम स्वीकृतिको विषयमा प्रवेश गर्न उपयुक्त नहुने।

४. प्रेस विज्ञप्तिमा उल्लेख भएको बुदा नं. ३ को सन्दर्भमा नेपाल राजपत्र भाग ५ खण्ड ६३ मिति २०७० साल कार्तिक २५ गतेको राजपत्रमा प्रकाशित सूचना बमोजिम काम, किसिम लगायतका साना तिना फरक परेमा समेत ऐनको दफा १९ उपदफा २ बमोजिम दुरुस्त मानी बैदेशिक रोजगार विभागले श्रम स्वीकृति दिन सक्ने व्यवस्था भएको तथा सो सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार यस विभागलाई मात्र रहेकोले अन्य निकाय श्रम स्वीकृतिको विषयमा प्रवेश गर्न उपयुक्त नहुने । यस विषयमा अध्यागमन विभाग र यस विभागबीच २०७१।०१।३० मा भएको सहमति बमोजिम हुन उपयुक्त हुने ।

५. कुवेत जाने श्रमिमहरुको E-Visa को सम्बन्धमा सम्बन्धित ईजाजत पत्र प्राप्त संस्थाले जिम्मेवारी लिई प्रतिवद्धता व्यक्त गर्नु पर्ने सम्बन्धमा ईजाजत पत्र प्राप्त व्यवसायी बैदेशिक रोजगार ऐन, २०६४ बमोजिम जिम्मेवार रहने हुँदा छुट्टै प्रतिवद्धता पत्र आवश्यक नपर्ने।

६. अध्यागमन विभागबाट छानविन समिति गठन भएको भन्ने विषय सह्रानीय भएतापनि यस प्रकारको घटनामा गृह मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको संयुक्त छानविन समिति गठन गरी स्वतन्त्रतापूर्वक छानविन हुन तथा भविष्यमा समेत यस प्रकारको घटना नघट्ने वातावरणको सृजना गर्नको लागि विभाग अनुरोध गर्दछ ।

७. विगत वर्षहरुमा केही स्पष्टता तथा द्विविधा भएमा अध्यागमन विभाग, बैदेशिक रोजगार विभाग लगायतका सम्बद्ध निकायहरुको संयुक्त बैठक बसी समस्याको समाधान गर्ने प्रचलन रहेकोमा श्रम स्वीकृति दिने निकायलाई औपचारिक जानकारी समेत नदिई बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको प्रस्थान अनुमति नदिई फर्काउनु अस्वाभाविक भएको हुँदा आगामी दिनमा संयुक्त बैठक तथा छलफलबाट समस्याको निराकरण हुन उपयुक्त हुने तथा विभाग सोको लागि सहकार्य तथा समन्वय गर्न सदैव तत्पर रहेको व्यहोरा समेत अनुरोध छ।

७०।३।३१

(गुरुदत्त सुवेदी)
निर्देशक
सूचना अधिकारी